# छापा माध्यममा मानव अधिकार

**युवराज शर्मा**

## १. परिचय

सञ्चार मानव जीवनको अभिन्न अङ्ग हो । जन्मदेखि मृत्युसम्म मानिसले कुनै न कुनै रूपमा सञ्चार गरिरहेको हुन्छ । सञ्चार बोलेर वा लेखेर मात्रै हुँदैन, चुप लागेर बस्दा पनि सञ्चार हुन्छ । सञ्चार भनेको सूचनाको आदान-प्रदान हो । मानिसले सूचनाको आदान-प्रदान गर्न निश्चित माध्यमको उपयोग गर्दछन् । चिठी, मोवाइल, च्याट आदि माध्यमको प्रयोग गरेर वा शारीरिक हाउभाउ र सङ्केतमार्फत शाब्दिक र गैरशाब्दिक सञ्चार गरिन्छ । त्यसैगरी आमसञ्चार माध्यमको प्रयोग गरेर आम मानिससमक्ष सूचना, ज्ञान, विचार आदि प्रवाह गरिन्छ भने त्यसलाई आमसञ्चार भनिन्छ । आम सञ्चारका विविध माध्यमहरुमध्येको एक छापा माध्यम मानव समाजमा प्रमाणिक माध्यमको रूपमा स्थापित छ । छापा माध्यमअन्तर्गत पत्रपत्रिका, पुस्तक, जर्नल, म्यागेजिन, पर्चा, पम्प्लेट आदि पर्दछन् तर यहाँ पत्रपत्रिकाको भूमिकामाथि चर्चा गर्ने प्रयास गरिएको छ ।

मानव अधिकार भन्ने शब्दावली मानव र अधिकार शब्द मिलेर बनेको हो । मानव भन्नाले मानिसलाई बुझिन्छ भने अधिकार भनेको निश्चित दावी र सुविधा हो जसलाई समाज वा समुदायले परिभाषित र स्वीकार गरेको हुन्छ । यस अर्थमा मानव अधिकार भन्नाले मानिसको अधिकार भन्ने बुझिन्छ । वृहत्तर अर्थमा मानिस भएर जन्मेवापत उसले गर्भावस्थादेखि मृत्युपर्यन्त प्राप्त गर्ने अधिकारहरुलाई मानव अधिकार भन्न सकिन्छ । मानव अधिकार विश्वब्यापी हुन्छन् र मानिसको आधारभूत आवश्यकतासँग निकट सम्बन्ध राख्दछन् । गास, बास, कपास, शिक्षा र स्वास्थ्यलाई आजकल मानिसको आधारभूत आवश्यकताको रूपमा बुझ्ने गरेको पाइन्छ । यि आधारभूत आवश्यकता पूर्तिका लागि मानिसले आवश्यक क्रियाकलाप गर्न पाउने स्वतन्त्रता नै मानव अधिकार हो ।

## २. समस्याको कथन

अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनद्वारा संरक्षित भएर पनि मानव अधिकार नेपाली समाजमा पूर्ण रूपमा लागु हुन सकेको छैन । दिनानुदिन मानव अधिकार उलङ्घनका घटनाहरु सार्वजनिक भइरहेका छन् । अझ स्मरणीय त के छ भने शिक्षित र मानव अधिकार प्रत्याभूत गर्ने निकायकै व्यक्तिहरुबाट समेत मानव अधिकारको उलङ्घन भइरहेको छ, जुन कानूनी राज्यको विरुद्धमा छ । यसर्थ मानव अधिकारको संरक्षणमा छापा माध्यमको भूमिका के छ भनी केलाउन निम्नानुसारका शोधप्रश्नहरु निर्माण गरिएको छः

क) छापा माध्यममा मानव अधिकार विषयको स्थान के कस्तो छ ?
ख) छापा माध्यमले मानव अधिकारका विषयलाई कसरी उठाउने गरेका छन् ?
ग) नेपाली समाजमा मानव अधिकार उलङ्घनका घटना किन न्युनिकरण हुन सकेनन् ?

## ३. अध्ययनको महत्व

यो अध्ययन मानव अधिकार र पत्रकारिता क्षेत्रसम्बद्ध पाठकहरुका लागि उपयोगी हुनेछ । मानव अधिकारको संरक्षणका लागि कस्ता विषयवस्तुको उठान गर्ने भन्ने विषयमा पत्रकारका लागि उपयोगी हुनेछ । त्यसैगरी मानव अधिकारको क्षेत्रमा क्रियाशिल अधिकारकर्मीका लागि समाजमा मानव अधिकार उलङ्घनका घटनाहरु किन बढिरहेका छन् र कस्ता प्रकृतिका घटनाहरु भैरहेका छन् भन्ने विषयमा जानकारी लिन यो अध्ययन उपयोगी हुनेछ । आम मानिसका लागि भने यो अध्ययन मानव अधिकारबारे बुझ्न, घटनाबारे जानकारी प्राप्त गर्न र यस्ता घटनाप्रति सचेत रहन सहयोगी सावित हुनेछ ।

## ४. अध्ययनका उद्देश्य

सरकारी संरक्षण, अधिकारकर्मीको पैरवी र अनुगमन तथा आमसञ्चार माध्यमको सचेतना र जागरणका वावजुद पनि मानव अधिकारको उलङ्घन हुनु निकै चिन्ताको विषय हो । यहि चिन्तालाई कम गर्न आमसञ्चारमाध्यमको क्षेत्रबाट प्रभावकारी भूमिका कसरी खेल्न सकिन्छ भन्ने विषयमा केन्द्रीत रही यस अध्ययनका निम्नानुसारका उद्देश्यहरु निर्धारण गरिएको छः

क) छापा माध्यमले मानव अधिकार विषयलाई दिएको स्थानबारे थाहा पाउँन,

ख) छापा माध्यमले मानव अधिकारबारे गरेको सचेतना र जागरणको प्रक्रिया बुझ्न,

ग) नेपाली समाजमा मानव अधिकार उलङ्घनका घटना न्युनिकरण हुन नसक्नुका कारण पत्ता लगाउँन ।

## ५. अध्ययन विधि

यो अध्ययनमा गुणात्मक र परिमाणात्मक दुबै विधि उपयोग हुने मिश्रित विधिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय दुबै तथ्याङ्कको प्रयोग गरिएको छ । अध्ययनका लागि नमूना छनोटमा परेका पत्रिकाबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने पुस्तकालयीय विधिमार्फत द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ६. अध्ययनको सीमा

यो अध्ययन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालयका लागि गरिएको हो । पत्रिकामा मानव अधिकार सम्बद्ध विषय उठानको अवस्थाबारे विश्लेषण गर्न कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट प्रकाशित हुने युगआह्वान दैनिक र साझा विसौनी दैनिक तथा ति पत्रिकामा विगत एक महिनामा प्रकाशन भएका सूचना र समाचारलाई यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।


## ७. तथ्याङ्क सङ्कलन र विश्लेषण

नेपालमा सन २०२१ मा मात्र ६२८५ जनाले मानव अधिकारको पूर्ण प्रयोग गर्न नपाएको इन्सेक वर्ष पुस्तकमा उल्लेख छ । जसमा राज्यपक्षबाट ५ सय ६३ जना पीडित भएका छन् भने अन्य पक्षबाट ५७२३ जना पीडित भएका छन् । कर्णाली प्रदेशमा पनि मानव अधिकारको उलङ्घन भएको वर्ष पुस्तकमा उल्लेख छ । यस्ता घटनालाई मिडियामार्फत उजागर गर्न सक्दा समाजमा चेतना र ज्ञानको सञ्चार भई यस्ता घटनाको न्युनीकरण हुने विश्वासका साथ यो अध्ययन गरिएको छ । अध्ययनका लागि सुर्खेतस्थित छनोटमा परेका दुईवटा दैनिक पत्रिकामा मानव अधिकारसम्बन्धी समाचारलाई दिइएको स्थानबारे अध्ययन गर्न र दिइएका विषयवस्तुको विश्लेषण गर्नका लागि गत बैशाख २० देखि जेठ १९ गतेसम्म प्रकाशित पत्रिकाका जम्मा ३१ अङ्कहरुको अध्ययन गरिएको छ । जसलाई निम्नानुसार तालिकीकरण र विश्लेषण गरिएको छः

**युगआह्वान दैनिकमा मानव अधिकार**

| मिति | समाचार शीर्षक | दिइएको स्पेस |
|---|---|---|
| २०७९-०१-२२ | गर्भपतन अधिकार हटाउने तयारी | १२८ सेमी |
| २०७९-०१-२५ | माओवादी कार्यकर्ताले शिक्षक कुटे | १२६ सेमी |
| २०७९-०१-२९ | सेनाको आक्रमणबाट पत्रकारको मृत्यु | ९६ सेमी |
| २०७९-०२-०२ | भोट नहालेको भन्दै सर्वसाधारणमाथि कुटपिट | ९८ सेमी |
| २०७९-०२-०४ | राष्ट्रसङ्घीय मानव अधिकार परिषदले..... | १३२ सेमी |
| २०७९-०२-०८ | पहिलो बादी मेयर जसले झोला छोइदा कुटाइ खाएका थिए | ४१६.२५ सेमी |
| २०७९-०२-०९ | हुम्लामा जहाजको टिकट पनि पाइदैन | ८१ सेमी |
| २०७९-०२-१० | वालवालिकामा व्यवहारिक समस्या | ७६३.७५ सेमी |
| | डोटीमा दलित र गैरदलितका छुट्टाछुट्टै धारा | ७० सेमी |
| २०७९-०२-१३ | छाउगोठ भत्किए तर बाखाखोरमा पोखिन्छ पींडा | ६८३.५५ सेमी |
| | वालवालिका विद्यालयमै असुरक्षित | ८१ सेमी |
| २०७९-०२-१५ | गाउँ छाड्न वाध्य किसोरीलाई आफन्तले धम्काए | ५४० सेमी |
| २०७९-०२-१८ | सात हजार बढी अपाङ्गता वालवालिकालाई उपचारको खाँचो | ४०० सेमी |
| | वालविवाह र छाउपडि प्रथा अन्त्य गर्न माग | ९४.५ सेमी |
| | कर्णालीमा पुस्तक ढुवानी प्रभावित | १३५ सेमी |
| | कामदारले ज्याला नपाएपछि उजुरी | ५१.७५ सेमी |
| जम्मा स्पेस | | ४०३६.८ सेमी |

यो पत्रिका दैनिक चार पेजमा छापिन्छ । यसको लम्बाइ ४८ सेमी र चौडाई ३२.५ सेमी रहेको छ । प्रतिपेज यस पत्रिकाको स्पेस १५६० सेमी हुन्छ । जसलाई चारपेजको हिस्सा निकाल्दा ६२४० सेमी हुन्छ र विश्लेषण गरिएका ३१ अङ्कको हिस्सा निकाल्दा कुल स्पेस १९३४४० सेमी हुन आउँछ । यो पत्रिकाले मानव अधिकारका सवाललाई दिएको जम्मा स्थान ४०३६.८ सेमीलाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छः





यस पत्रिकाले मानव अधिकारका विषयलाई जम्मा आठ प्रतिशत हिस्सा दिएको छ । उठाइएका विषय मानव अधिकारका भए पनि पूर्ण रुपले मानव अधिकारको दृष्टिबाट नउठाइएको स्पष्ट हुन्छ । हरेक विषयवस्तु मानिससँग सम्बन्धित हुने भएकोले पाठकलाई मानव अधिकारकै रिपोर्टिङ्ग जस्तो लाग्ने भएता पनि छापिएका सबै समाचार मानव अधिकारको गहन अध्ययन र दृष्टिकोणबिना नै छापिएको पाइयो । तसर्थ  पनि वृत्तचित्रमा मानव अधिकारका समाचारको उपस्थिति देखिएको हो । अन्तरवस्तु विश्लेषण गर्ने हो भने यो सङ्ख्यामा कमी आउँछ ।

**साझा विसौनी दैनिकमा मानव अधिकार**

| मिति | समाचार शीर्षक | दिइएको स्पेस |
|---|---|---|
| २०७९-०१-२२ | पानी माग्दै राजधानीका मतदाता | ३९९ सेमी |
| २०७९-०१-२३ | बेवास्तामा बाढीपीडित | ३९९ सेमी |
| २०७९-०१-२८ | चुनावमा वालवालिकाको प्रयोग नगर्न अपिल | ७६ सेमी |
| | मतदाता भोट हाल्न वञ्चित | ११८.७५ सेमी |
| २०७९-०१-३० | प्रहरीबाट कुटिए मतदान अधिकृत | १०५ सेमी |
| २०७९-०२-०५ | विद्यार्थी भर्ना भए, किताव पाएनन् | ४२० सेमी |
| २०७९-०२-०९ | रुकुम हत्याकाण्डका तथ्य र निश्कर्ष | १२७६ सेमी |
| २०७९-०२-१२ | अन्तरक्रिया सम्पन्न | ८० सेमी |
| २०७९-०२-१४ | अझैं पाएनन् विद्यार्थीले किताव | ४२० सेमी |
| | पीडितले अझै पाएनन् न्याय | ५८० सेमी |
| | सोती घटना पछ्याउँदा | ५८० सेमी |
| | जात व्यवस्था विरुद्धको प्रतिरोध | ५३९.५ सेमी |
| २०७९-०२-१५ | पुस्तकविना पढाई | १५३ सेमी |
| जम्मा स्पेस | | ४९००.२५ सेमी |

यो पत्रिका दैनिक चार पेजमा छापिन्छ । यसको लम्बाइ ४४ सेमी र चौडाई २९ सेमी रहेको छ । प्रतिपेज यस पत्रिकाको स्पेस १२७६ सेमी हुन्छ । जसलाई चारपेजको हिस्सा निकाल्दा ५१०४ सेमी हुन्छ र विश्लेषण गरिएका ३१ अङ्कको हिस्सा निकाल्दा कुल स्पेस १५८२२४ सेमी हुन आउँछ । यो पत्रिकाले मानव अधिकारका सवाललाई दिएको जम्मा स्थान ४९००.२५ सेमीलाई वृत्तचित्रमा यसरी देखाउन सकिन्छ :




यस पत्रिकाले मानव अधिकारका विषयलाई जम्मा ११ प्रतिशत हिस्सा दिएको छ । उठाइएका विषय मानव अधिकारका भए पनि पूर्ण रुपले मानव अधिकारको दृष्टिबाट नउठाइएको स्पष्ट हुन्छ । हरेक विषयवस्तु मानिससँग सम्बन्धित हुने भएकोले पाठकलाई मानव अधिकारकै रिपोर्टिङ्ग जस्तो लाग्ने भएता पनि छापिएका सबै समाचार मानव अधिकारको गहन अध्ययन र दृष्टिकोणबिना नै छापिएको पाइयो । तसर्थ पनि वृत्तचित्रमा मानव अधिकारका समाचारको उपस्थिति देखिएको हो । अन्तरवस्तु विश्लेषण गर्ने हो भने यो सङ्ख्यामा कमी आउँछ ।

## ८. निश्कर्ष

राजनीतिक रिपोर्टिङ्गको आधिपत्य रहेको नेपाली पत्रकारिता क्षेत्रले समाजका अन्य आयामलाई भने समानुपातिक रुपले न्याय प्रदान गर्न सकिरहेको छैन । न्युन लगानी, अपर्याप्त र अदक्ष जनशक्ति, भौगोलिक विकटता, साधनस्रोतको अभाव आदिका कारण स्थानीय सञ्चार माध्यमले चाहेर पनि गुणात्मक काम गर्न सकिरहेका छैनन् । अध्ययनमा समेटिएका पत्रिका केवल प्रतिनिधि मात्र हुन् । यिनै पत्रिकाले समग्र देशकै पत्रकारिताको प्रतिनिधित्व गर्ने मान्यताका साथ नेपाली पत्रकारिताले मानव

अधिकारका सवाललाई प्राथमिकताका साथ उजागर गरेको पाइएन भन्न सकिन्छ। उठाएका विषयवस्तु पनि मानव अधिकारका बारेमा पूर्ण सचेत भएर उठाइएको छैन । त्यस्ता विषय ज्यादै न्युन मात्रामा छन् । मानव अधिकारको पाटो उल्लेख नगरिएका तर मानव अधिकारसम्बद्ध विषयहरु समेतलाई यस अध्ययनमा समेटिएकाले पनि यि पत्रिकामा उल्लिखित स्थान मानव अधिकारलाई दिएको देखिन्छ । स्थानीय छापा माध्यममा मानव अधिकारका सवालको समुचित उठान गर्नका लागि सरोकारवालाले निम्नानुसारका क्रियाकलाप गर्नुपर्ने देखिन्छ:

१) पत्रकारहरुलाई विषयवस्तुको ज्ञान दिने र पुनर्ताजगी गर्ने व्यवस्था मिलाउनुपर्ने,

२) मानव अधिकार उलङ्घन भएका स्थानमा पत्रकारहरुलाई लगेर अवलोकन गराउनुपर्ने

३) पत्रकारहरुका लागि लेखनवृत्ति उपलब्ध गराउनुपर्ने ।

## सन्दर्भ सामग्री

आचार्य, भानुभक्त (२०६५), *आमसञ्चार र पत्रकारिता अध्ययन,* काठमाडौं: प्रधान बुक हाउस ।

क्षेत्री, इन्द्रध्वज (२०६७), *आधारभूत आमसञ्चार र पत्रकारिता,* काठमाडौं: अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

नेपाल मानव अधिकार वर्ष पुस्तक (२०२२), संपा: श्रीराम बजगाई, काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ।

## पत्रिका

युगआह्वान दैनिक

साझा विसौनी दैनिक